जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ७ २०८० साल साउन ९ गते मंगलबार (25 July 2023 Tuesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : इतिहासमा सीमित जनकपुर चुरोट.. ३ पृष्ठमा : नेपालको सार्वजनिक ऋण.. ३ पृष्ठमा : युक्रेनद्वारा क्रिमियाको...

# लागु औषध सेवनका लागी पैसा लिएर जान नदिदाँ श्रीमतीको हत्या, आमा, बुबा घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

लागु औषध सेवनका लागी घरबाट पैसा लिएर जान नदिदा यूबकको कुटाईबाट श्रीमतीको हत्या भएको छ भने आमा, बुबा कुटाईबाट घाइते भएका छन् ।

सप्तरीको महदेवा गाउँपालिका २ अकबरपुरका ३५ वर्षिय रामरुप खंगले लुगा धुन प्रयोग गरिने काठको मुग्रोंले टाउकोमा प्रहार गरी ३० वर्षिया श्रीमती पार्वतीको हत्या गरेका हुन् । बचाउन जाँदा मुग्रों प्रहारबाटै ६२ वर्षिया आमा सम्तोलिया र ७० वर्षिय बाबु परशुराम घाईते भएर अस्पताल भर्ना भएका छन् ।

सम्तोलियाको अवस्था भने गम्भीर रहेको छिन्नमस्ता अस्पताल राजविराजले जनाएको छ । आईतवार राती १० बजेतिर लागु औषध सेवन गरेर घर आएका रामरुपले बाकसबाट पैसा झिकेर फेरी लागु औषध सेवन गर्न जान खोज्दा परिवारका सदस्यहरुले रोकेको छिमेकीहरुले बताएका छन् ।

रामरुप लागु औषध दुर्व्यसनी रहेको वडाध्यक्ष जागेश्वर प्रसाद इसरले सुनाए । "पैसा लिएर जान खोज्दा परिवारजनले रोकेपछी घर आंगनमा राखिएको लुगा सफा गर्ने काठको मुग्रोंले अन्धाधुन्द प्रहार गर्न थालेको वडाध्यक्ष इसरले बताए । घटना पछी स्थानीयको सहयोगमा प्रहरीले रामरुपलाई नियन्त्रणमा लिई घाईते पार्वती, सम्तोलिया र परशुरामलाई उपचारका लागी छिन्नमस्ता अस्पताल राजविराज पुऱ्याएका थिए ।

उपचार कै क्रममा मध्यराती पार्वतीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए । उनको शव पोस्टमार्टमका लागी गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याइएको छ । रामरुपका बुवा परशुरामको जेनरल वार्डमा तथा आमा सम्तोलियाको आईसियुमा राखेर उपचार चलिरहेको छ ।

सम्तोलियाको टाउकोमा गहिरो चोट तथा अत्याधिक रक्तश्राव भएकाले अवस्था चिन्ताजनक रहेको अस्पतालका स्वास्थ्य संयोजक दिपेन्द्र यादवले बताए । आर्थिक अवस्था निकै कमजोर भएका खंग परिवार अर्काको खेतमा ज्याला मजदुरी गरेर हातमुख जोडने समस्यालाई टार्दै आएका थिए ।

लागु औषध दुर्व्यसनीका रुपमा गाउँघरमा परिचित रामरुपलाई सोमवार सप्तरी जिल्ला अदालतमा कर्तब्य ज्यान कसुर मुद्दामा म्याद थपि अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# उपप्रमुख मिरा यादव धरौटी तारेखमा रिहा



**दैनिक समाचारदाता**
**राजविराज, ८ साउन ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादव एक लाख धरौटीमा रिहा भएकी छिन् । दुई दिन सम्म चलेको लामो थुनछेक बहसपछि सोमवार न्यायाधिश हरिशचन्द्र इङ्गनामको इजलाशले उपप्रमुख यादवलाई १ लाख रुपैया धरौटी र तारेखमा रिहा गर्ने आदेश दिएको हो ।

नागरिकता सम्बन्धी कसुरमा विगत २३ दिन देखी उनी प्रहरी हिरासतमा थिइन् । थुनछेक बहस भईरहदा मुल ढोका बाहिर आफन्त र सर्मथकको ठूलो भीड जम्मा भएको थियो । भीडमा एमालेका केन्द्रीय नेता सुमनराज प्याकुरेलदेखि जिल्ला कमिटीका ताराकान्त चौधरी, देवनाथा यादव लगायतका स्थानीय नेता समेत सहभागी थिए ।

उपप्रमुख मिरा विरुद्धका नागरिकता सम्बन्धि कसुर मुदामा जाहेरवालाको तर्फबाट सरकारी वकिल गोकुल निरौलाका साथै अधिवक्ता हेमनारायण चौधरी, सुभाष यादव र पुण्य प्रसाद यादव तथा उपप्रमुख मिराको पक्षबाट अधिवक्ता भरत प्रसाद यादव, राम कुमार यादव, भानू निरौला, हरि प्रसाद यादव, सुरेश सिंह, फुल नारायण यादव लगायतले बहस गरेका थिए ।

अदालतको फैसला प्रति

*बाँकी तीन पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १५ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ कलेज**

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३१, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज**

**संचालित कार्यक्रमहरु**

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ।।।

प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते

**आजै सम्पर्क गर्नुहोस्**

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

# इतिहासमा सीमित जनकपुर चुरोट कारखाना

जनकपुरधाम, ८ साउन (रासस)। पञ्चायत जन्मिनुअघि नै जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकाली) स्थापनाको योजना बन्यो। त्यो योजना प्रजातन्त्रबहालीपछि विसं २०१६ मा नेपाली कांग्रेसका सभापति बिपी कोइराला नेतृत्वको सरकारले बनाएको थियो तर जनकपुरमै कारखाना ल्याउने श्रेय भने सो सरकारका उद्योग तथा वाणिज्य मन्त्री रामनारायण मिश्रलाई दिने गरिएको छ।

योजना त बन्यो तर त्यसको कार्यान्वयन सुरु हुन नपाउँदै २०१७ पुस १ गते राजनीतिले अर्को मोड लियो। निर्दलीय पञ्चालतको उदयपछि त्यो योजना तुहिन्छ कि भन्ने धेरैलाई शङ्का थियो तर त्यसो भएन बरु योजनालाई मूर्तरुप दिन थालियो। त्यहीक्रममा सबैभन्दा पहिले केही कर्मचारी नियुक्त गरियो। ती कर्मचारीमध्ये एक हुनुहुन्थ्यो महोत्तरीको मनरा सिशवा–४ जाउखका रामनरित शर्मा। उहाँले २०१८ असार ३१ गते स्टोरकिपरको रुपमा जागीर सुरु गर्नुभएको थियो भने २०५० सालमा व्यक्ति व्यवस्थापन महाशाखा प्रमुख (निर्देशक) का रहँदा सेवानिवृत्त हुनुभयो।

लगत्तै सोभियत रूस सरकारको आर्थिक तथा प्राविधिक सहायता र तत्कालीन श्री ५ को सरकारको पहलमा २०१९ मङ्सिर ८ गते तत्कालीन उद्योग वाणिज्यमन्त्री वेदानन्द झाले जचुकालि निर्माण कार्यको शिलान्यास गर्नुभयो। त्यसको दुई वर्षमै निर्माण कार्य सम्पन्न भयो। "दलमाथि प्रतिबन्धको अवस्थामा एकखालको निराशा थियो। जब तत्कालीन राजा महेन्द्रले २०२१ पुस २९ मा जचुकालिको उद्‌घाटन गर्नुभयो, यस क्षेत्रमा नयाँ उमङ्ग फर्कियो। हजारौं मान्छे त्यो क्षणको साक्षी र हर्षबढाई गर्न आए", शर्माले त्यो क्षण सम्झिनुभयो, "त्यो बेला अहिलेको जस्तो काम लिने तर समयमा नसक्ने अवस्था थिएन। त्यही कारण दुई वर्ष नबित्दै जचुकालिको उद्‌घाटन भयो।"

जनकपुरधाम उप महानगरपालिका-९ मा करिब ३३ बिघा नौ कट्ठा क्षेत्रफलमा फैलिएको यो कारखाना सरकारको मात्रै होइन, नागरिकको पनि जीवनको अभिन्न अङ्ग बन्यो। "५० वर्ष पुरानो इतिहास बोकेको यो कारखानासँग चुरोट मात्रै होइन, देशको अर्थतन्त्र जोडिएको थियो। मधेशका जनताहरुको जीवन र नेपालीहरुको श्वास जोडिएको थियो। हुँदाखाँदाको त्यो कारखाना अहिले कङ्काल जस्तै छ", शर्माले एकछिन निःशब्द हुँदै भन्नुभयो।

**विस्मृति र स्मृतिका ३२ वर्ष**

सम्झँदा पनि आजै हो जस्तो लाग्छ उहाँलाई जचुकालीको आँगनमा हाँसेको खेलेको र ३२ वर्ष लामो उर्बर समय बिताएको। उहाँ जचुकालिको सुरुदेखिकै साक्षी हुनुहुन्छ। त्यसको जन्म र अवसान हुँदासम्मका हरेक पलपलको हेक्का छ। त्यसैले त यो ठाउँसँग उहाँको अगाध प्रेम छ। त्यही प्रेमका कारण उहाँले कारखानाको मूलद्वार नजिकै घर बनाउनुभयो तर अहिले खण्डहरजस्तो देख्दा उहाँलाई नमिठो लाग्छ।

कुनै समय नेपाली अर्थतन्त्रमा जगजगी र देश विदेशमा वाहवाही कमाएको त्यो संस्थाको कङ्काल हरेर बस्नुपर्दा विगतका सम्झनाले सताउँछ। विगत ताजा बनेर आउँछ, अनि मन भक्कानिन्छ। उफ ! अहिले त यहाँ किन बस्नुपरेको होला जस्तो लाग्छ !

**मनमनमा जचुकाली**

'हुम्ला/जुम्लामा चुरोटको अभाव' भनेर त्यो बेला सञ्चारमाध्यममा समाचार आउँथ्यो जसरी अहिले चामल र औषधिको आउँछ। अनि खैलाबैला मचिन्थ्यो। तत्कालीन विभागीय मन्त्री र उद्योग मन्त्रालयको उच्च नेतृत्वबाट फोन आएपछि जचुकालिका महानिर्देशक र सम्बद्ध कर्मचारीमा एकखालको छटपटी हुन्थ्यो।

चेतनाको अभावले पनि होला त्यो बेला अहिलेको जस्तो थिएन। अधिकांश नेपालीहरु धुम्रपानको अम्मली थिए। नागरिकको त्यो अम्मललाई पूरा गर्न ७५ जिल्लामा एक सय पाँच कार्यालय राखेर जचुकालिले आफ्नो उत्पादन जिल्ला जिल्लामा पुऱ्याउँथ्यो।

अधिकृत पुँजी ८ करोड र जारी तथा चुक्ता पुँजी रु चार करोड आठ लाख ३७ हजार रहेको यस कारखानाले दैनिक दुई अर्ब खिल्ली चुरोट उत्पादन गर्ने सामर्थ्य राख्थ्यो। पछि आफ्नो आम्दानीबाट उत्पादन क्षमता बढाई तीब्र अर्ब पुऱ्याइयो। जचुकालिबाट त्योबेला उत्पादित चुरोटमा देउराली, याक र गैंडा निकै चर्चित ब्राण्ड थिए।

उत्पादन पनि राम्रो थियो। आकर्षण पनि थियो तर सडकबाटो विस्तार नभइसकेकाले मागअनुसार आपूर्ति गर्न निकै समस्या हुन्थ्यो। पूर्व-पश्चिम महेन्द्र राजमार्ग बनेको थिएन। सुरुमा रेलको माध्यमबाट जनकपुरबाट भारतीय बाटोको प्रयोग गरी (जयनगर) रक्सौल, वीरगञ्ज हुँदै काठमाडौं, पोखरा, नेपालगञ्ज, महेन्द्रनगर, धनगढीलगायतका मुख्य बजारमा ढुवानीको व्यवस्था मिलाइन्थ्यो। पछि पूर्व-पश्चिम राजमार्ग बनेपछि आफ्नै १० वटा जति ठूलो कन्टेनरको सहारामा ढुवानीको काम हुन थाल्यो।

यसमा स्थायी, करार, ज्यालादारी गरी करिब २९ सय कर्मचारी कार्यरत थिए। जचुकालिको कर्मचारी हुनुको मान, सम्मान र सान नै अर्कै थियो। उहाँ भन्नुहुन्छ, "त्यो बेला झण्डै रु तीन/चार करोडको त सुर्ती खरिद गरिन्थ्यो। त्यसका लागि महेन्द्रनगर, ढल्केबर, गोदार, मिर्चैयालगायतका स्थानमा स्थानीय किसानहरुले सुर्ती खेती गर्थे। यहाँबाट कच्चापदार्थ नपुगेपछि छिमेकी भारतबाट आपूर्ति गरिन्थ्यो।" सुरुमा राष्ट्रिय वाणिज्य बैंकमा खाता खोलेर पैसा राखिन्थ्यो तर उसले त्यसरी राखिने पैसाको ब्याजतिर्न नसक्ने बताएपछि नेपाल बैंक लिमिटेडलाई अनुरोध गरेर कारखाना परिसरमा शाखा राखिएको उहाँले जानकारी दिनुभयो।

जचुकालीले कमाउने मात्रै होइन, सामाजिक उत्तरदायित्वको नीतिअनुसार कर्मचारीहरुका लागि अस्पताल, तिनका सन्तानका लागि विद्यालय र जनकपुरका धार्मिक स्थल स्तरोन्नतिका लागि सहयोग, १२ बिघा मैदानमा माटो भरान तथा पर्खाल निर्माण, सार्वजनिक स्थलमा बिजुली, खेलकूदको विकासका लागि छुट्टै क्लब स्थापना जस्ता कामहरु गरेको थियो।

**'फापेन प्रजातन्त्र'**

पञ्चायतको कडा अनुशासनमा उद्योग चलिरहेको थियो। उद्योगका कर्मचारीहरु घडीको सुईजस्तै अनुशासित थिए। उहाँ भन्नुहुन्छ, "बिहान ठीक ६ बजे कारखानामा बज्ने साइरनसँगै कर्मचारी र कामदारहरु उठेर कामका लागि तयार हुन्थे। त्यसले कर्मचारीलाई मात्रै होइन, जनकपुरलाई नै ब्युझाएको थियो, जनकपुरलाई नै एउटा लयमा हिंडाएको थियो। त्यो आवाज अहिले पनि कानमा गुञ्जिरहेको आभास हुन्छ।"

विसं २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनापछि धेरैलाई पहिलो जननिर्वाचित प्रजातान्त्रिक सरकारको सपना जोडिएको यो संस्था राजनीतिक दल र त्यो सत्तालाई आफ्नो सन्तानजस्तै लाग्नेछ भन्ने लागेको थियो। कडा अनुशासनमा चलेको संस्थामा राजनीति घुस्न थाल्यो। कर्मचारीहरु राजनीतिक दलको सदस्यमा परिणत हुन थाले। महाप्रबन्धक राजनीतिक प्रभावका आधारमा नियुक्त हुन थाले। पञ्चायतका अन्तिम महाप्रबन्धक देवेन्द्रबहादुर साहलगायतको त्यो लय र प्रजातन्त्रका पहिलो महाप्रबन्धक अमृतनाथ रेग्मीलगायतको बोली, व्यवहार र रवाफ नै फरक देखिएको उहाँ स्मरण गर्नुहुन्छ।

पञ्चायतकालमा मन्त्रीहरु भ्रमणमा आएको बेला केही कार्टुन चुरोट चढाउने र वर्षमा एक दुई पटक उहाँ निकटका पत्रकार र पत्रपत्रिकालाई दुई/चार सयको विज्ञापन दिन हुकुम हुन्थ्यो तर प्रजातन्त्र आएपछि उद्योगको नियमअनुसार काम गर्नेभन्दा पनि आफ्नो चाहनानुसार उद्योग चलाउन थालिएको उहाँ बताउनुहुन्छ। कतिपयले त उद्योगलाई कमाउने र आफ्ना निकटस्थहरुलाई भर्ति गर्ने स्थल बनाए।

जनताको मनमनमा रहेको, नेपाली अर्थतन्त्रलाई चलायमान र यहाँका नागरिकको जीविकोपार्जनको भरपर्दो आधारस्तम्भ रहेको यो कारखाना २०६८ चैतदेखि उत्पादन र २०७० असार २० देखि सम्पूर्णरूपमा बन्द भयो। विसं २०७० असार २० गते मन्त्रिपरिषद्‌का अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले जचुकालिमा कार्यरत रहेका कर्मचारीहरूलाई अवकास दिने निर्णयसँगै यो उद्योगमा ताला लागेको छ। सोही निर्णयका आधारमा कारखानामा कार्यरत स्थायी सात सय ५८ र ज्यालादारी तथा करारका करिब दुई सय जना कर्मचारीलाई एक साथ अवकाश दिइयो।

अहिले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको एउटा शाखाले जीर्ण संरचना र मेसिनहरुको रेखदेख गरिरहेको छ। केही सुरक्षागार्डले मेसिनहरूको सुरक्षा र निगरानी गरिरहेका छन् तर कारखानामा करोडौं मूल्यका मेसिन र उपकरणहरू खिया लागेर दिन प्रतिदिन प्रयोगहीन भएको शर्मा बताउनुहुन्छ।

बन्द रहेको जनकपुर चुरोट कारखाना क्षेत्रलाई मधेस प्रदेश सरकारले आफ्नो प्रशासनिक प्रयोजनमा प्रयोग गरिरहेको छ। अहिले यहाँ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को प्रशासनिक कार्य र निवासहरु छन्। राज्यले फेरि चुरोट उत्पादन गरी बेच्ने होइन तर एउटा इतिहास बोक्को संस्थालाई राजनीतिको थलो बनाउनुभन्दा उद्यमशीलताको केन्द्र बनाउनु उपयुक्त हुने उहाँको भनाइ छ।

# नेपालको व्यापार घाटा साढे १४ खर्बभन्दा बढी

काठमाडौं, ८ साउन (रासस)। गत आर्थिक वर्ष २०७९/८० मा नेपालले साढे १४ खर्बभन्दा बढीको व्यापारघाटा व्यहोरेको छ। भन्सार विभागले आज सार्वजनिक गरेको गत आर्थिक वर्षको वैदेशिक व्यापारसम्बन्धी विवरणअनुसार गत असार मसान्तसम्ममा नेपालले कुल रू १४ खर्ब ५४ अर्ब ५९ करोड १० लाख बराबरको व्यापार घाटा व्यहोरेको देखिएको हो।

अघिल्लो वर्षको तुलनामा भने व्यापारघाटा १५ दशमलव ४५ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा नेपालले कुल रू १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख बराबरको व्यापार घाटा व्यहोरेको थियो।

अघिल्लो वर्षको तुलनामा गत आर्थिक वर्ष नेपालको समग्र वैदेशिक व्यापारसमेत १६ दशमलव ५८ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षमा रू २१ खर्ब २० अर्ब ४७ करोड ७३ लाख बराबरको वैदेशिक व्यापार भएकोमा गत वर्ष भने रू १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाखमा सीमित भएको देखिएको हो।

बिभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष मुलुकले कुल रू १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको मालवस्तु आयात गर्दा रू एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको मात्रै निर्यात गरेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष आयात १६ दशमलव ०८ र निर्यात २१ दशमलव ४४ प्रतिशतले घटेको छ।

गत आर्थिक वर्ष नेपालले गरेको कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव १२ प्रतिशत र निर्यातको हिस्सा आठ दशमलव ८८ प्रतिशत बराबर छ। अर्थात् नेपालले गरेको कूल निर्यातको तुलनामा कूल आयात १० दशमलव २६ गुणाले बढी हो। गत वर्ष आयातित वस्तुबाट कूल रू तीन खर्ब ७७ अर्ब २६ करोड चार लाख बराबरको भन्सार राजस्व उठेको छ।

बढी आयात हुने वस्तुमा पेट्रोलियम पदार्थ पहिलो नम्बरमा देखिएको छ। गत वर्ष नेपालले सबैभन्दा धेरै रू एक खर्ब ५३ अर्ब ७७ करोड बराबरको डिजेल मात्रै आयात गरेको छ। त्यस्तै, रू ६६ अर्ब ८४ करोड ४८ करोड बराबरको पेट्रोल र रू ५८ अर्ब १५ करोड ४१ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

फलामजन्य वस्तुको आयातमा रू ४३ अर्ब ६० करोड, कच्चा सोयाबिन तेल आयातमा रू ३५ अर्ब ५८ करोड, कोइला आयातमा रू २७ अर्ब १२ करोड र कच्चा पाम तेल आयातमा रू २५ अर्ब ९१ करोड बराबर बाहिरिएको देखिन्छ।

बढी निर्यात भएका वस्तुमा कार्पेट पहिलो नम्बरमा छ। गत आर्थिक वर्ष नेपालले रू ११ अर्ब ५० करोड ६६ लाख बराबरको कार्पेट निर्यात गरेको छ। त्यस्तै, रू १० अर्ब ७१ करोड बराबरको प्रशोधित पाम तेल, रू आठ अर्ब ४७ करोड बराबरको सोयाबिन तेल र रू आठ अर्ब २७ करोड बराबरको अलैंची निर्यात गरेको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपालको सार्वजनिक ऋण २२ खर्ब २१ अर्ब नाघ्यो

काठमाडौँ, ८ साउन (रासस)।

नेपालले तिर्न बाँकी सार्वजनिक ऋण रू २२ खर्ब २१ अर्ब ६७ करोड ८५ लाखभन्दा बढी पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा नेपालले रू ११ खर्ब २८ अर्ब ३२ करोड ९२ लाख बराबर आन्तरिक र रू १० खर्ब ९३ अर्ब ३४ करोड ९३ लाख बराबर बाह्य ऋण तिर्न बाँकी रहेको देखिएको हो।

गत आर्थिक वर्षमा मात्र नेपालको सार्वजनिक ऋण रू दुई खर्ब आठ अर्ब ३८ करोड २१ लाख थपिएको छ। अघिल्लो आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस्तो ऋण रू २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख बराबर थियो। गत आर्थिक वर्षमा मात्र रू एक खर्ब ४० अर्ब ८७ करोड ९९ लाख बराबर आन्तरिक र रू ६७ अर्ब ५० करोड २२ लाख बराबर बाह्य ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

**साँवा-ब्याजको दायित्व पुँजीगत खर्चकै हाराहारी**

गत आर्थिक वर्ष २०७९/८० मा नेपालको पुँजीगत खर्च रू दुई खर्ब ३३ अर्ब ६९ करोड बराबर हो। सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गतवर्ष सरकारले गरेको खर्च पनि विकास खर्चकै हाराहारी छ।

गत वर्षमा ऋणको साँवा ब्याज भुक्तानीमा सरकारले रू दुई खर्ब २२ अर्ब ७४ करोड २१ लाख खर्च गरेको छ। जसमध्ये, आन्तरिक ऋणको साँवा-ब्याज भुक्तानी रू एक खर्ब ७९ अर्ब ७२ करोड ५३ लाख र बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा रू ४३ अर्ब एक करोड ६८ लाख बराबर खर्च भएको छ।

सरकारले गत वर्ष आन्तरिक ऋणको साँवा मात्रै रू एक खर्ब १५ अर्ब ११ करोड ७८ लाख बराबर तिरेको छ। त्यस्तै, आन्तरिक ऋणको ब्याजमा रू ६४ अर्ब ४९ करोड ४२ लाख र नेपाल राष्ट्र बैंकलाई तिर्ने कमिसनमा रू ११ करोड ३३ लाख बराबर खर्च भएको छ। बाह्य ऋणमा भने रू ३४ अर्ब ६१ करोड ७९ लाख बराबर साँवा र रू आठ अर्ब ३९ करोड ८९ लाख बराबर ब्याज भुक्तानी भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ।

गत आर्थिक वर्ष २०७९/८० मा नेपालले रू तीन खर्ब ३८ अर्ब ११ करोड ७८ लाख बराबर आन्तरिक र बाह्य ऋण उठाएको छ। आन्तरिकतर्फ रू दुई खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख र बाह्यतर्फ रू एक खर्ब दुई अर्ब १२ करोड बराबर ऋण उठाइएको छ।

**जिडिपी-ऋण अनुपात ४५ दशमलव ८० प्रतिशत**

अहिले नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार रू ४८ खर्ब ५१ अर्ब ६२ करोड रहेको छ। जिडिपीको यो आकारलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४५ दशमलव ८० प्रतिशत पुगेको छ। जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नसक्ने भन्दै सार्वजनिक ऋण बढेकामा आलोचना हुने गरेको छ।

**एक दशकमा चार गुणाले बढ्यो सरकारी ऋण**

आर्थिक वर्ष २०७०/७१ मा नेपालको सार्वजनिक ऋण रू पाँच खर्ब ५३ अर्ब ५० करोड ७० लाख बराबर थियो भने उक्त वर्ष जिडिपीमा सार्वजनिक ऋणको अनुपात २८ दशमलव ५१ प्रतिशत बराबर थियो। पछिल्लो करिब एक दशकमा नेपालको सार्वजनिक ऋण चारगुणाले बढेको छ भने जिडिपीमा ऋणको अनुपात दोब्बरले बढेको छ।

पछिल्लो पाँच वर्षमा मात्र नेपालको सार्वजनिक ऋण दोब्बरभन्दा बढीले बढेको छ। आर्थिक वर्ष २०७३/७४ मा नेपालको सार्वजनिक ऋण रू छ खर्ब ९७ अर्ब ६८ करोड बराबर थियो।

भूकम्पपछिको पुन:संरचनाका लागि नेपालले ऋण मात्रामा ऋण उठाएपछि आर्थिक वर्ष २०७४/७५ सम्ममा रू नौ खर्ब १७ अर्ब ३१ करोड पुग्यो। त्यसपछि आर्थिक वर्ष २०७५/७६ मा रू १० खर्ब ४८ अर्ब १५ करोड, आर्थिक वर्ष २०७६/७७ मा रू १४ खर्ब ३३ अर्ब ४० करोड, आर्थिक वर्ष २०७७/७८ मा रू १७ खर्ब ३७ अर्ब ६३ करोड र आर्थिक वर्ष २०७८/७९ सम्ममा रू २० खर्ब १३ अर्ब २९ करोड बराबर पुगेको थियो।

**प्रतिव्यक्ति ऋण रू ७६ हजार एक सय ७७**

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना, २०७८ अनुसार कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कूल सार्वजनिक ऋणलाई कूल जनसङ्ख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण रू ७६ हजार एक सय ७७ बराबर पर्न जान्छ।

**यस वर्ष थप रु चार खर्ब ५२ करोड ऋण उठाउने लक्ष्य**

सरकारी राजस्व सङ्कलनको तुलनामा ठूलो आकारको बजेट ल्याउँदा सरकारले आन्तरिक र बाह्य ऋणलाई बजेट स्रोतका रुपमा देखाउँछ। सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को घाटा बजेट पूर्ति गर्नका लागि रू चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको छ। जसमध्ये रू दुई खर्ब ४० अर्ब आन्तरिक र रू दुई खर्ब १२ अर्ब ७५ करोड बाह्य ऋण उठाउने सरकारको लक्ष्य छ।

---

## *उपप्रमुख मिरा ...*

संचारकर्मीहरुलाई छोटो प्रतिक्रिया दिदै उपप्रमुख मिराले अदालतबाट प्रारम्भीक न्याय पाएको बताईन।

डाक्नेश्वरी नगरपालिका ३ निवासी कृष्ण कुमार यादवले गत असार १७ गते मिरा विरुद्ध नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको भन्दै नागरिकता सम्बन्धि कसुर मुदा दर्ता गराएका थिए।

प्रहरीले.उक्त मुदा दर्ता गर्न आलटाल गरे.पछी उनी अदालत पुगेका थिए। उच्च अदालत जनकपुर-राजविराज इजलाशले उक्त मुदा उपर सुनवाई गर्दै परमादेश जारी गरेको थियो। त्यस पछी प्रहरीले पक्राउ पुर्जी जारी गरेकाले उप प्रमुख मिरा शक्ती प्रर्दशन सहित जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएकी थिइन। यस अघि अदालतबाट चार पटक म्याद थप गरी २३ दिन उनी थुनामा बसेकी थिइन। मिरा र उनका पति महेन्द्र भारतीय नागरीक भएको भन्दै सोही नगरपालिकाका कृष्णले प्रहरी र अदालतमा उनी विरुद्ध उजुरी पेश गरेका थिए।

दुबै जनाले झुठो विवरण पेश गरी नेपाली नागरिकता लिएको उजुरीमा दाबी गरिएको थियो। भारतको निर्वाचन नामावली २०२२ मा बिहार राज्यको क्रम संख्या ६३२ मा महेन्द्र र ६३३ मा मिराको नाम रहेको विवरण सुचीका साथै अनुमण्डलीय न्यायलय निर्मलीमा महेन्द्र र मिराले पेश गरेको शपथ पत्र तथा भारतीय निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेत उजुरी मार्फत पेश गरिएको थियो।

सोही मुदाका अर्का आरोपी मिराका श्रीमान महेन्द्र भने अझै फरार छन्। उनको खोजी कार्य भईरहेको प्रहरीले जनाएको छ।

---

## विश्व समाचार

### युक्रेनद्वारा क्रिमियाको गोलाबारुद भण्डारमा आक्रमण

मस्को, ८ साउन (रासस/सिन्ह्वा)।

युक्रेनी ड्रोन आक्रमणमा रूसको कब्जामा रहेको क्रिमियास्थित गोलाबारुद डिपोमा आक्रमण भएको युक्रेनका गभर्नरले सोमबार बताउनुभएको छ।

“क्रिमियाको आकाशमा ११ वटा मानवरहित बिमान (युएभी) लाई युक्रेनी वायु सेनाले गोली हानेर खसालेको छ, साथै युक्रेनी प्रतिरक्षा बलले उक्त क्षेत्रलाई नियमित निगरानीमा राखेको छ,” सर्गेई अक्स्योनोभले टेलिग्राममा भन्नुभएको छ।

आक्रमण झान्कोय जिल्लाको गोलाबारुद डिपोमा भएको थियो। उहाँले आक्रमणबाट भएको क्षतिबारे बिस्तृत बिवरण भने दिनुभएन।

उहाँले आक्रमणका कारण क्रिमियाको किरोभस्की जिल्लामा एक निजी घरमा क्षति पुगेको र आपतकालीन सेवा घटनास्थलमा रहेको बताउनुभयो।

सन् २०१४ मा रूसले कब्जा गरेको क्रिमियालाई मस्कोको युक्रेन आक्रमणको क्रममा कीभले निशाना बनाएको थियो तर पछिल्ला हप्ताहरूमा यो आक्रमण अझ तीव्र र बढ्दो अवस्थामा रहेको युक्रेनी अधिकारीले बताएका छन्। कीभले क्रिमियालाई फिर्ता लिने योजना रहेको बताउँदै आएको छ।

### नोबेल पुरस्कार विजेता युनुसलाई ११ लाख अमेरिकी डलर कर तिर्न निर्देशन

ढाका, ८ साउन (रासस/सिन्ह्वा)।

बङ्गलादेशको सर्वोच्च अदालतले नोबेल पुरस्कार बिजेता तथा माइक्रोफाइनान्सका अगुवा मोहम्मद युनुसलाई तीन वटा परोपकारी ट्रस्टलाई दिएको ७० लाख अमेरिकी डलर दानमा १० लाख डलरभन्दा बढी कर तिर्न आदेश दिएको छ।

हाल प्रधानमन्त्री शेख हसिनासँग टाढिएका भनिएका आफ्नो अग्रणी माइक्रो क्रेडिट बैंकबाट लाखौंलाई गरिबीबाट माथि उकास्ने श्रेय पाएका ८३ बर्षीय युनुसलाई सामाजिक कामका नाममा गरिबहरूको ‘रगत र पसिना चुस्दै’ आएको आरोप लगाइएको छ।

उहाँलाई सन् २००६ मा आर्थिक विकासका लागि नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

युनुसका बकिल सरदर जिन्नत अलीले एएफपीसँग भन्नुभयो, “सर्वोच्च अदालतले हामीले तल्लो अदालतबाट भएको आदेशको खारेजीका लागि गरेको निबेदन खारेज गरिदिएको छ।”

अलीले भन्नुभयो, “तल्लो अदालतको निर्णयलाई सदर गर्दै अदालतले आइतबार युनुसलाई भुक्तानी गर्नैपर्ने फैसला सुनाएको छ।” बङ्गलादेशको कानूनले ट्रस्टलाई चन्दाको लागि कर छूटको व्यवस्था गरेको छैन।

युनुसले सन् २०११ देखि २०१४ को बीचमा प्रोफेसर मोहम्मद युनुस ट्रस्ट, युनुस फ्यामिली ट्रस्ट र युनुस सेन्टरलाई ७६ करोड ७० लाख टाका (७० लाख अमेरिकी डलर) दान गर्नुभएको थियो।

अदालतले उहाँलाई १५ करोड टाका (१.४ करोड अमेरिकी डलर) को कूल कर बिल तिर्न आदेश दिएको छ, जसमध्ये ३० मिलियन टाका उहाँले करस्वरूप पहिले नै तिरिसक्नुभएको छ।

युनुसले सन् १९८० को दशकमा स्थापना गरेको ग्रामीण बैंकमार्फत दशौं लाख ग्रामीण महिलाहरूलाई लघुवित्त कर्जा प्रदान गरेर बङ्गलादेशको चरम गरिबी उन्मूलनमा मद्दत पुर्‍याउनुभएको थियो।

गत बर्ष बङ्गलादेशको भ्रष्टाचार बिरोधी निगरानी निकायले युनुसको अध्यक्षता गर्ने फर्महरूको बिस्तृत अनुसन्धान गर्न आदेश दिएको थियो र हसिनाले उहाँमाथि व्यक्तिगत रूपमा आलोचना गर्नुभएको थियो।

गत वर्षको जुनमा ढाका नजिकैको पुल खुल्दा हसिनाले युनुसलाई ‘नदीमा डुबाउनुपर्ने’ बताउनु भएको थियो।

गत मार्चमा संयुक्त राष्ट्रसङ्घका पूर्वप्रमुख बान की मुन र पूर्व अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनसहित ४० जना विश्व व्यक्तित्वले संयुक्त पत्र लेख्दै बङ्गलादेशलाई युनुसमाथिको ‘अनुचित’ आक्रमण र उत्पीडन रोक्न आग्रह गरेका थिए।

### इन्डोनेसियामा डुङ्गा डुब्दा वेपत्ता भनिएका सबै यात्रु फेला

केन्दारी, इन्डानेसिया, ८ साउन (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको सुलावेसी टापुको तटीय क्षेत्रमा सोमबार एउटा काठको डुङ्गा डुब्दा कम्तीमा १५ जनाको मृत्यु भएको खोजी तथा उद्धार अधिकारीहरूले बताएका छन्। इन्डोनेसियाको खोज तथा उद्धार एजेन्सीको स्थानीय कार्यालयले एक बिज्ञप्ति जारी गर्दै मध्यरात स्थानीय समयानुसार आइतबार ५:००बजे डुङ्गामा ४८ जना यात्रा गरिरहेका जनाएको छ।

उक्त घटनामा घाइते अवस्थामा उद्धार गरिएका छ जनालाई उपचारका लागि अस्पताल लगिएको छ भने डुङ्गा डुब्नुको कारणबारे अनुसन्धान भइरहेको जनाइएको छ। दक्षिणपूर्वी सुलावेसीको केन्डारी शहरमा स्थानीय खोज तथा उद्धार एजेन्सीका प्रमुख मोहम्मद अराफाले अन्य २७ जना यात्रुको खोजी भइरहेको र मृतक सबैको सनाखत भइसकेको बताएका छन्। एजेन्सीले यसअघि १९ जना हराइरहेको बताएको थियो तर अराफाले खोजी कार्य अब ‘समाप्त भएको’ बताउनु भएको छ।

स्थानीय उद्धार कार्यालयका प्रवक्ता वाह्युदिनका अनुसार डुङ्गा मुना टापुको ‘सेन्ट्रल बुटन रिजेन्सी’को लान्टो र लगिली गाउँको बीचमा रहेको खाडी पार गरिरहेको थियो। वाह्युदिनले डुङ्गामा अत्यधिक भार भएको स्थानीय सञ्चारमाध्यममा आएको समाचारको पुष्टि नभएको बताउनुभएको छ। इन्डोनेसियाली सञ्चार माध्यमका अनुसार गाउँलेहरू स्थानीय उत्सव मनाउन डुङ्गामा चढी यात्रारत थिए।

सन् २०१८ मा सुमात्रा टापुमा रहेको विश्वको सबैभन्दा गहिरो तालमा डुङ्गा डुब्दा १५० जनाभन्दा बढीको मृत्यु भएको थियो। गत वर्षको मे महिनामा पूर्वी नुसा तेङ्गारा प्रान्तमा ८०० भन्दा बढी मानिस बोकेको एउटा डुङ्गा पानीमा डुबेको थियो र दुई दिनसम्म अड्केको थियो। उक्त दुर्घटनामा कोही पनि हताहत भएका थिएनन्।

---


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# सप्तरीमा पुनः सामुहिक बलात्कारका अर्को घटना सार्वजनिक







**दैनिक समाचारदाता**
**राजबिराज, ८ साउन ।**

एक साता नबित्दै सप्तरीमा पुनः सामुहिक बलात्कारका अर्को घटना सार्बजनिक भएको छ । सप्तरीको कंचनरुप नगरपालिका १२ की एक १७ बर्षिया किशोरीको सामुहिक बलात्कार भएको घट्नाको ८ दिन नबित्दै पुनः सामूहिक बलात्कारको अर्को घट्ना सार्बजनिक भएको हो ।

पछिल्लो घट्नामा शम्भुनाथ नगरपालिका ५ बस्ने ३ सन्तानकी आमा ३५ बर्षिया महिला सामुहिक बलात्कारको शिकार बन्न पुगेकी छिन् । ती महिलालाई शनिबार राती ९:३० बजेतिर सोही वडाका ५ जनाले बलात्कार गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार घट्ना पीडित र आफन्तले आईतबार प्रहरीमा उजुरी दिएपछि मात्रै बाहिर आएको हो । उनले महिलालाई बलात्कार गर्ने मध्येका सोही वडाका २५ बर्षिय शिव कुमार सदा, ४० बर्षिय उमेश सदा र ३२ बर्षिय श्रीनारायण सदा आईतबार नै पक्राउ परिसकेको जानकारी समेत दिएका छन् ।

उनीहरुलाई सोमबार सप्तरी जिल्ला अदालतबाट जबरजस्ती करणी सम्बन्धी कसुर मुदामा म्याद थप गराई अनुसन्धान थालिएको तथा फरार रहेका २५ बर्षिय फुल कुमार सदा र २३ बर्षिय शिव सदाको खोजी कार्य तिब्र पारिएको उनले जनाए ।

वडाध्यक्ष जामुन प्रसाद चौधरीका अनुसार पिडीत महिला सोही दिन सिरहाको छारापट्टी स्थित माइतबाट घर फर्किंदै थिईन । बिरामी बोकेको एम्बुलेन्स चढी माईतबाट हिडेकी उनी राती ९:३० बजेतिर पुर्ब पश्चिम राजमार्ग अन्तर्गत घर नजिकैको सडक खण्डमा ओर्लेकी थिइन । त्यहाबाट उनको घर ६ सय मिटरको दुरीमा पर्दछ । पैदलै घर तर्फ जाँदै गर्दा एकान्त स्थलमा देखेर अचानक ५ जनाको समुहले मुख थुनि नजिकै खाली अवस्थामा रहेको नर्सरीमा लगेर बलात्कार गरेको तथा कसैलाई भने ज्यान मार्ने धम्की समेत दिएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ ।

उक्त एम्बुलेन्स चालक पीडित महिला कै भाई हुन् । बिरामी बोकेर भाई एम्बुलेन्स लिएर बिराटनगर तर्फ जाँदै गरेको थाहा पाएपछि आफुलाई पनि घर सम्म लगिदिनु भनी भाईलाई भनेको पीडित महिलाले सुनाईन । पीडित महिलाको गजेन्द्र नारायण सिह अस्पताल राजबिराजमा स्वास्थ्य परिक्षण गराइएको छ ।

यस अघि गत असार ३१ गते राती ९ बजेतिर आमा र बहिनी संगै बसिरहेकी कंचनरुप नगरपालिका १२ की १७ बर्षिया किशोरीको सामुहिक बलात्कार भएको थियो । आमा र बहिनीलाई कोठा मै थुनेर सोही बडाका ४ जनाले ती किशोरीलाई नजिकैको एक खाली घर मा लगी पालैपालो बलात्कार गरेका थिए । ती घट्नमा संलग्न चारै जना प्रहरी नियन्त्रणमा छन् ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# १२ वर्षे नव प्रतिभावान फोटोग्राफरको फोटो प्रदर्शनी



**दैनिक समाचारदाता**
**राजबिराज, ८ साउन ।**

संयुक्त राज्य अमेरिकाको सान फ्रान्सिस्को राज्यको चिको सहरमा कक्षा ७ मा अध्ययनरत अनन्त अर्जुन देबद्वारा खिचिएको १ सय १ बटा फरक प्रजातिका चराहरुको फोटो प्रदर्शन गरिएको छ ।

एक बर्षको अबधीमा भ्रमणका क्रममा बिभिन्न राष्ट्रहरूमा खिचेका १०१ बटा फरक फरक प्रजातिका चराका फोटोहरू राजबिराजको चाय चर्चा नामक स्थानमा फोटो प्रदर्शनी गरिएको हो ।

फोटो प्रदर्शनी कार्यक्रमको आयोजना मैथिली बिकिमिडियन्स युजर ग्रुपद्वारा गरिएको थियो भने चाय चर्चाद्वारा यस कार्यक्रमलाई प्रायोजन गरिएको थियो ।

फोटो प्रदर्शनी कार्यक्रममा राजबिराज नगरपालिकाका पूर्व नगर प्रमुख शैलेश कुमार चौधरी, रेडक्रस नेपाल सप्तरी शाखाको अध्यक्ष जोगेन्द्र भगत, बोरिया मा.बि. का पूर्व प्रधानाध्यापकद्वय जितेन्द्र नारायण देवर भवेन्द्र यादव, स्वेडेकको अध्यक्ष मीरा देव, जीवन बिकास लघुवित्त वित्तीय संस्थाका सञ्चालक सदस्य इन्द्रनारायण देव लगायत बिभिन्न प्रतिभावान फोटोग्राफरहरूको उपस्थिति रहेको थियो ।

बिगत १ बर्ष पहिले राजबिराजको बोरियामा गरुडको फोटो खिचिसकेपछि उनमा फोटोग्राफीप्रति मोह जागृत भएको थियो र त्यसैलाई पुरा गर्न उनी अमेरिकाको बिभिन्न स्थान, मेक्सिको तथा नेपालको बिभिन्न स्थानमा फोटोग्राफी गरेर संग्रह गरेका फोटोहरूलाई प्रदर्शन गर्न पाउँदा आफु निकै हर्षित भएको प्रतिक्रिया दिएका छन् ।

कार्यक्रममा उनलाई मैथिली बिकि मिडियन्स युजर ग्रुपका सहसंस्थापक बिप्लब आनन्द, पंकज कुमार देव र सदस्य संजोग देवले फोटोग्राफर अनन्तलाई खादा तथा प्रमाण पत्र प्रदान गरेका थिए । राजबिराजका नव प्रतिभावान युवाहरूलाई उनको ज्ञानको प्रवर्द्धन गर्ने र तिनीहरूको लागि उचित स्थान प्रदान गर्ने उद्देश्यले चाय चर्चा खोलिएको संजोग देवले जानकारी गराएका छन् ।


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**
फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छ ।
त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*